# प्रेस विज्ञप्ति- २७१

# Press Release- 271

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं।
मिति: २०७६।०९।०६ गते।

## लागू औषध कोकिन ६ ( छ) किलो सहित ४ जना विदेशी नागरीक पक्राउ।

लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले विगत लामो समय देखिको सूचना संकलन, विश्लेषण एवं निगरानी पश्चात मिति २०७६।०९।०५ गते २०:३० बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको प्रस्थान कक्षको १ नं. स्क्रिनमा यात्रुहरुको झोला चेकजाँच गर्ने क्रममा क्याथे प्यासिफिकको फ्लाईट नम्बर KA 103 को उडानद्वारा काठमाण्डौबाट हङकङ जान लागेका बेलारुसका नागरीकहरु राहदानी नम्बर AB2712060 वाहक वर्ष २१ को PAVEL VASILYEU र राहदानी नं. KH 2464426 वाहक वर्ष २१ की ALINA ALDOSHYNA ले साथमा ल्याएको सुटकेशहरु चेकजाँच गर्दा उक्त सुट्केश मध्ये Pavel Vasilyeu ले साथमा ल्याएको रातो, निलो रंगको सुटकेशको भित्रि भागमा रहेको ४ वटा ज्याकेटमा फल्स बटम बनाई लुकाई छिपाई राखेको अवस्थामा लागू औषध कोकिन **जम्मा ३ (तीन) किलो** र निज सँगै आएकी बेलारुस नागरीक Alina Aldoshyna ले साथमा ल्याएको रातो रंगको सुटकेश भित्र रहेको ४ वटा ज्याकेटमा फल्स बटम बनाई लुकाई छिपाई राखेको **लागू औषध कोकिन ३ (तीन) किलो** गरी **जम्मा ६ किलो कोकिन** सहित पक्राउ गरी निजहरुलाई तत्काल सोधपुछ गर्दा उक्त लागू औषध काठमाण्डौंको लाजिम्पाटमा रहेको होटल Lost Garden को कोठा नं. ३०४ मा बसेका २ जना वोलिभियन नागरीकहरुले दिएको भनि खुलाई दिएकोले निजहरुलाई साथै लिई काठमाण्डौ लाजिम्पाट स्थित रहेको उक्त होटलको कोठा नं. ३०४ बाट वोलिभियन नागरीक Roberto Carlos Merubia Mariace र Raul Zambrana Ordonez समेत जना २ लाई पक्राउ गरिएको छ।

पक्राउमा परेका ४ जना उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

•••

Contact no.: 014601048, email: ncbnepal@gmail.com Web: https://ncb.nepalpolice.gov.np/, https://www.facebook.com/ncb.nepol




Rest Room







**Alina Aldoshyna - 21**
**Female – Belarus**



**Pavel Vasilyeu- 21**
**Male – Belarus**



**Roberto Carlos**
**Merubia Mariaca-48**
**Male (Bolivia)**



**Rahul Zambrana Ordonez - 54**
**Male (Bolivia)**



